नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
ऊर्जा महाशाखा

☎ ९७७-१-४२११५१६
९७७-१-४२११८८६
फ्याक्स : ९७७-१-४२११५१०
सिंहदरबार, काठमाण्डौ

प.सं.: २०७७/०७८ (आयोजना प्रवर्द्धन तथा अनुमतिपत्र)

च.नं.: 694

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

मिति:२०७७/११/०२

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री विद्युत विकास विभाग,
सानो गौचरण, काठमाडौं ।

उपरोक्त सम्बन्धमा विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा कोभिड-१९ को कारणले पारेको प्रभावहरु न्यूनीकरण एवं पुनरुत्थानको लागि यस मन्त्रालयको मिति २०७७/११/०२ को निर्णयानुसार (मा. मन्त्रीस्तर) भएको देहाय बमोजिमको निर्णय कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

१. कोभिड-१९ को प्रभावको कारण निर्माणाधिन जलविद्युत आयोजनालाई प्रभाव परेको व्यहोरा उल्लेख गरी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत उत्पादनको अनुमतिपत्रको अवधिको लागि अनुरोध गरेमा विद्युत ऐन, २०४९ को दफा ५(२) मा उल्लेखित अवधि ५० बर्षमा ननाघ्ने गरी बढीमा एकवर्ष सम्म विद्युत उत्पादन अनुमतिपत्रको अवधि थप गर्ने गरी अनुमतिपत्र संसोधन गरिदिने।

२. कोभिड-१९ र त्यसको न्यूनिकरणको लागि देशव्यापीरुपमा भएको लकडाउन (बन्दाबन्दी) को कारण उत्पन्न विषम परिस्थितीको कारण विद्युत उत्पादनको सर्वेक्षण, विद्युत उत्पादन, विद्युत खरिद बिक्रि सम्झौता र वित्तिय व्यवस्थापन गर्न समस्या भएको व्यहोरा उल्लेख गरी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्था (प्रवर्द्धक) बाट मिति २०७७।११।३० भित्र कारण समेत खोली निवेदन दिएमा देहाय बमोजिम हुने गरी म्याद थप गरिदिने।

क. विद्युत सर्वेक्षण, उत्पादन, प्रशारणको अनुमतिपत्र नवीकरणको लागि समयमा दरखास्त दिन नसकेमा मिति २०७७।११।३० भित्र उल्लेखित अनुमतिपत्र नवीकरणको लागि विद्युत विकास विभाग समक्ष दरखास्त पेश गर्न सकिनेछ।

ख. उद्योगदर्ता तथा वित्तिय व्यवस्थापनको लागि विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ मा भएको व्यवस्थाको अतिरिक्त एक वर्ष म्याद थप गरिदिन र त्यसको लागि कुनै दस्तुर र शुल्क नलिने।

साथै उल्लेखित निर्णयहरुको कार्यान्वयनको क्रममा सरोकारवालाहरुको जानकारीको लागि संक्षिप्त सुचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गर्न (एक पटक) र विभागको Web Site मा राख्न निर्देशानुसार अनुरोध छ ।

(माधव प्याकुरेल)
इन्जिनियर